# Press Note

मिति २०७४।९।३०

डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको १७ औं बैंक स्थापना दिवसको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बारा, जिल्लाको फेटा गाऊं. पालिका स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई मिति २०७४।५।२६ गते आयोजित कार्यक्रममा डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत श्री मुरली प्रसाद लम्सालले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री बिराजमान साहको अध्यक्षतामा सञ्लालित कार्यक्रममा प्रधानाध्यापक श्री बंकलाल प्रसाद चौहानलाई क्रिकेट, भलिवल, फुटवल, व्याडमिन्टन, चेस, स्किपिङ्ग, रिङ्ग लगायत विभिन्न किसिमका खेलकुद सामाग्रीहरूको लिष्टमा हस्ताक्षर गरी वितरण गरिएको थियो । उक्त कार्यक्रममा डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडका मुख्य प्रवन्धक श्री हरिप्रसाद आचार्य, प्रवन्धक श्री बुद्धिराज घिमिरे, अनुगमन अधिकृत, शाखा कार्यालय पन्नाबाग, कलैया र प्रसौंनी बाराका शाखा प्रबन्धकहरू, स्थानिय क्षेत्रमा सञ्चालित केन्द्रका केन्द्र प्रमुख तथा सदस्यहरू, कक्षा ९ र १० का विद्यार्थीहरूको उपस्थिति रहेको थियो भने २०७४।९।२८ गते तनहुं जिल्लाको देवघाट गाऊं पालिकाको देबपुर स्थित श्री बराह प्राथमिक विद्यालयका ७० जना विद्यार्थीहरूलाई न्यानो कपडा वितरण कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री टेकराज सापकोटाको अध्यक्षतामा सम्पन्न भयो । उक्त कार्यक्रममा डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडका सञ्चालक समितिका सदस्य श्री राजुनाथ खनाल, प्रमुख कार्यकारी अधिकृत श्री अमराज खड्का, विभागिय प्रमुखहरू श्री बुद्धिराज घिमिरे, श्री युवराज बर्तौला, श्री पवनराज पाठक, अनुगमन अधिकृत श्री जमिरि यादव लगायत शाखा कार्यालय चनौली, नारायणगढ, टांडी र पर्साका शाखा प्रबन्धक तथा कर्मचारी र स्थानिय क्षेत्रमा संचालित केन्द्रका सदस्यहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा विद्यालयका तर्फबाट प्रधानाध्यापक श्री हरीकला कोईराला र डिप्रोक्स लघुवित्त विकास बैकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री अमराज खड्का तथा संचालक श्री राजुनाथ खनालले मन्तव्य दिनुभएको थियो ।



न्यानो कपडा वितरण पछि विद्यार्थी तथा शिक्षकहरूसंगको सामुहिक फोटो